आ.व. ०७७।०७८
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. २२।०७७।०७८
मितिः-२०७८।२।२५ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

**आमन्त्रित**

श्री गणेश बहादुर थापा का.वा. वड़ा अध्यक्ष ता.न.पा ४

श्री शिव थापा का.वा. वडा अध्यक्ष - ११

श्री लिला बि. कार्की - डाँफ्डा निर्देशक-(हेडा)

निर्णय नं. १

तानसेन नगरपालिकाको ऐतिहाँसिक ९ औं नगरसभा तथा वजेट अधिवेशन यहि मिति २०७८।३।१० गते ता.न.पा सभाहलमा दिउसो १.०० वजे शुभारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिकाको नवौं नगरसभामा पेश गर्नका लागि मस्यौदाको रुपमा तयार गरिएको नीति तथा कार्यक्रम प्रस्तुति एवं. छलफल सम्पन्न भयो उक्त नीति तथा कार्यक्रम माथी छलफल तथा अध्ययन गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३

तानसेन नगरपालिकाभित्र संचालित केही विद्यालयहरुले शैक्षिक सत्र २०७८ देखि कक्षा तथा विषय थप गर्न अनुमति माग गरेको सन्दर्भमा वर्तमान अवस्थामा विद्यालयको माग अनुसार कक्षा तथा विषय थप गर्न औचित्यपुर्ण रहे नरहेको तथा कक्षा थप गर्न अनुमति माग गर्ने विद्यालयहरुले शिक्षा नियमावलीको नियम ४ सँग सम्वन्धित अनुसूचि-३ बमोजिमको पूर्वाधारहरु पुरा गरे नगरेको एकीन गरी एक हप्ताभित्र राय सहितको प्रतिवेदन पेश गर्न निम्नानुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

(१) नगरउपप्रमुख श्री लक्ष्मीदेवी पाठक - संयोजक

(२) वडा अध्यक्ष/का.पा. सदस्य श्री लोचनप्रसाद तिमिल्सिना -सदस्य

(३) वडा अध्यक्ष/का.पा. सदस्य श्री कमल राना -सदस्य

(४) उपसचिव श्री रेशमलाल न्यौपाने -सदस्य सचिव

निर्णय नं. ४

तानसेन नगरपालिका भित्र संचालन भएको आईसोलेशन कक्ष र अन्य स्वास्थ्य सामाग्रीहरु खरिद तथा व्यवस्थापनका लागि मिति २०७८।२।२५ गते सम्म भुक्तानी दिएको खर्च अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

क)

तानसेन नगरपालिकामा कोभिड १९ कोरोना भाईरस दोस्रो चरणको नया भेरिएन्ट रोकथाम नियन्त्रण उपचार र व्यवस्थापनका लागि आईसोलेशन कक्ष लगायतमा निम्न लिखितका सामानहरु खरिद गरिएको विल भुक्तानी भएको समर्थन गरीयो ।

| मिति | विवरण | व्यवसायीको नाम | भुक्तानी गएको रकम | प्रयोगको स्थान | कैफियत |
|---|---|---|---|---|---|
| २०७८।१।२६ | अक्सिजन सिलिण्डर तथा रिफिल | श्री एच.टी. इन्टरप्राईजेज | ५,३९३७५।०० | त्रिभुवन वहुमुखि क्यापसको आइसोलेशनमा | २० थान नया सिलिन्डर । २५ थान रिफिल । |

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २०७८।१।२३ | प्लेन वेड | श्री भैरव सर्जिकल प्रा.ली | १९१९९९।९७ | त्रिभुवन बहुमुखि क्यापसको आइसोलेशनमा २ सेट पाल्पा अस्पतालमा ४ सेट | १२ सेट |
| २०७८।१।२३ | वेड कभर म्याटेस | श्री भैरव सर्जिकल प्रा.ली | ६७७९९।०९ | त्रिभुवन बहुमुखि क्यापसको आइसोलेशनमा२ सेट पाल्पा अस्पतालमा ४ सेट | |
| २०७८।१।३१ | अक्सिजन रेगुलेटर | कमलराज भण्डारी | ७५,४६२ | त्रिभुवन बहुमुखि क्यापसको आइसोलेशनमा २ सेट पाल्पा अस्पतालमा ४ सेट | भाजुरत्न इन्जिनियरिङ्ग सेल्स प्रा.लिको विलबाट २५ सेट |

**ख)** तानसेन नगरपालिकामा कोभिड १९ दोश्रो चरणको भेरिएन्टको रोकथाम नियन्त्रण उपचार र व्यवस्थापनका लागि आईसोलेशन कक्ष लगायतका २०७८।२।२५ गते सम्ममा निम्न लिखित सामानहरु खरिद गरि संचालन र व्यवस्थापन गरिदै आएकोमा निम्न लिखितका व्यवसायीहरुको विल भुक्तानी गनुपर्ने ।

| विलको मिति | विवरण | व्यवसायीको नाम | भुक्तानी दिनु पर्ने रकम | प्रयोगको स्थान | कैफियत |
|---|---|---|---|---|---|
| २०७८।२।२० | पि.सी.आर किट | श्री नेपाल टेर्ड कन्सर्न, वुटवल | ४,७७,३१२।०० | पाल्पा अस्पतालको ल्यावमा | ७६८ पिस |
| २०७८।२।२० | वोडि डिस्पोज व्याग | श्री रुपन्दही सर्जिकल सप्लार्यस,बुटवल | १२९९५।०० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशन | ५ सेट |
| २०७८।२।११ | औषधि तथा मेडिकल जन्य सामान | श्री रानीमहल मेडिको सप्लार्यस प्रा.ली, पाल्पा | ४,८६,८८१।९० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा | ४१ प्रकारका औषधि लगायतका स्वास्थ्य सुरक्षणका सामानहरु |
| २०७८।१।२४ | वेड विस्तारा | श्री कलाम सिरक पसल, पाल्पा | ७५५००।०० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा साथै ५ सेट | ३५ सेट हरिया तन्ना, सिरानी,कपास को डसना,नर्मल |

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नेपाल पत्रकार महासंघको कार्यालयमा | बलागकेट र १० मी कपडा । |
| २०७८।१।३१ | मेडिकल जन्य सामानहरु | श्री ओम सर्जिकल एण्ड साईन्स हाउस | २८,६४५।५० | नगरपालिका कार्यालयमा तथा शहरी स्वास्थ्य केन्द्रमा समेत | सेनीटाइजर,पन्जा सोडियम हायडाकोरोरायड र ५०० पिस माक्स समेत |
| २०७८।१।३१ | मेडिकल जन्य सामानहरु | श्री ओम सर्जिकल एण्ड साईन्स हाउस | २,६८,४४२।८० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा | २४ प्रकारका मेडिकल जन्य सामान १५ थान अक्सीमिटर समेत |
| २०७८।१।२६ | स्वास्थ्य सुरक्षणका सामानहर | श्री डि एण्ड यस सप्लार्यस, पाल्पा | २,०९६१५।०० | वडाहरुमा स्वाव संकलन अभियानमा स्वास्थ्य शाखावाट | १० प्रकारका सामानमा २०० पिस भि.टी. एम ,पिपिइ सेट समेत । |
| २०७८।२।२३ | पर्दा टावेल व्यवस्थापन | श्री खनाल सिरक डसना स्टोस ,पाल्पा | १०,४००।०० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा | २५ पिस टावेल ,४६ मी पर्दा कपडा समेत |
| २०७८।१।२८ | विद्युत व्यवस्थापन | श्री हाम्रो विजुली पसल,पाल्पा | १३,६४०।०० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा | १५० वाटको हेलोजिन लाईट ८ थान लिडवल्व ४ घडी र इ लाईट ३ समेत । |
| २०७८।२।१० | मेडिकल जन्य सामान | श्री सन्चो सर्जिकल ,पाल्पा | १३,३००।०० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा | १ सेट हइल चियर र २ जार सेनीटाइजर |
| २०७८।२।१ | खानेपानी पलम्वीग | श्री वस्याल कलर वर्ल्ड एण्ड सप्लायर्स पाल्पा | २७,१४८।०० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा | १००० लि टंकी,४०मी पाईप लगायत १६ प्रकारका |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पलम्वीग सामानहरु |
| २०७८।२।१५ | खाजा खाना वापत | श्री त्रिभुवन वहुमुखि क्याम्पस चमेना गृह पाल्पा | ५९,८५०।०० | त्रिभुवन वहुमुखि क्याम्पसको आइसोलेशनमा ४ जना स्वास्थ्य कर्मी र २ जना सहयोगि समेतको लागि | ता.नपा वडा न. ५को विमारी शकर गैरेको खाना खर्च रु १७०० समेत पहिलो टोली । |
| २०७८।२।१८ | खाजा तथा नास्ता वापत | श्री त्रिभुवन वहुमुखि क्याम्पस चमेना गृह पाल्पा | १२,४७५।०० | एम्वुलेन्स चालकको खाना नास्ता र नगर प्रहरीको खाजा वापत | मिति २०७८।२।३ गते देखि २०७८।२।१८ गते सम्मको । |
| २०७८।२।२२ | अक्सिजन ग्यास सिलिन्डर | श्री प्रिस्टार टेंर्ड प्रा.ली, काठमाण्डौ | ७३५०००।०० | मौजादमा | २४५००।०० प्रति सिलिन्डरले ३० सेट |
| | वा २ भ ४५०२ गाडी मर्मत | जमिल | १४५०००। | चालु | एम्वुलेन्सको रुपमा प्रयोग |
| | नया धारा जडान | तानसेन खा.पा. उ.स. | १७२००। | त्रिभुवन वहुमुखी क्याम्पसको आइसोलेशनमा | संचालनमा रहेको |
| | अक्सिजन रिफिल २९ गोटा र पेन्ट, ग्यास, पानी समेत | विभिन्न विलहरु रामजी कार्की | २९०१०। | कार्यालय र आईसोलेशन कक्ष समेत | |
| | कविर स्टोर | विभिन्न सामान | २७९६० | | |
| | पि.सी.आर किट समेत कोभिड सामान लिन | गाडी प्रयोग गरेको | २८,०००। | पाल्पा अस्पताललाई | |

**निर्णय नं. ५**

आ.व. ०७७।०७८ को स्वीकृत कार्यक्रमहरु मध्य सम्झौता भईसकेको तर सम्पन्न हुन बाँकी रहेका रु. १० लाख र सो भन्दा माथिका योजनाहरु आ.व. ०७८।०७९ मा योजना र कार्यक्रम सहित अ.ल्या गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिकाबाट सार्वजनिक निजी साझदारी मार्फत रानीमहल सञ्चालन तथा व्यवस्थापन आयोजनाको लागि यस नगरपालिका र प्राइम एक्सेस प्रा.लि., ललितपुर र हाइवे रिफ्रेसमेन्ट सेन्टर निर्माण,

पितामबर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

सञ्चालन तथा व्यववस्थापन आयोजना सञ्चालनको लागि एग्रो फरेष्ट्रि सर्पोट वैंक लि., पाल्पा तथा इला रिसोर्ट एण्ड रिट्रिट होम प्रा.ली तिलोत्तमा रुपन्देही जेभी वीच मिति २०७७।१०।८ गते समझदारी पत्रमा हस्ताक्षर भएकोमा हालको कोभिड-१९ को महामारीका कारण विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य अगाडी बढाउन नसकिएकोले म्याद थप गरिदिनका लागि अनुरोध भएकोमा सा.नि.सा. इकाईवाट आगामी २०७८ आषाढ मसान्तसम्मका लागि म्याद थप गरिदिने व्यवस्था हुन तानसेन नगर कार्यपालिकामा अनुरोध भई आएकोले उल्लेखित अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

क) तानसेन नगरपालिका र UNDP संग भएको सम्झौता वमोजिम साझेदारी संस्था ग्रामिण आर्थिक विकास संघ (रेडा)ले संचालन गरेको कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रमको वार्षिक प्रगती समिक्षा ता.न.पा को कार्यपालिका वैठकमा प्रस्तुत भयो । प्रस्तुत गरिएको कार्यक्रम प्रभावकारी रुपमा संचालनमा रहेको देखिदा आ.व. ०७८।०७९ मा करिव **रु.१ (एक) करोड** वरावरको **दिगो पुर्वाधार विकासको माध्यामवाट वहु आयामिक जिविका सुधार कार्यक्रम** तानसेन नगरपालिका र UNDP संग सम्झौता गरी सम्झौता वमोजिम साझेदारी संस्था ग्रामिण आर्थिक विकास संघ (रेडा) वाट प्रस्तुत भए अनुसार संचालनको लागि निरन्तरता दिने निर्णय गरियो ।

ख) ०७८।०७९ मा करिव थप **रु.२ (दुई) करोड** समेत वरावरको कार्यक्रम हेफर ईन्टरनेशनल नेपालसंग सम्झौता गरी सम्झौता वमोजिम साझेदारी संस्था ग्रामिण आर्थिक विकास संघ (रेडा) वाट पेश भए अनुसार संचालनको लागि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ७ प्रभासमा कृषि हाटवजार संचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण कृषि जोन पाल्पा र तानसेन नगरपालिकाको वित्तिय साझेदारीमा हाट वजारको पूर्वाधार निर्माण गर्न लाग्ने जम्मा रु. २३,०००००। (तेईस लाख) मध्य तानसेन नगरपालिकावाट रु. १० (दश) लाख र बाँकी कृषि जोन कार्यालय पाल्पावाट व्यहोर्ने गरी सम्झौता गर्ने र सो हाटवजारको स्वामित्व ता.न.पामा रहने साथै स्थानीय सहकारी संस्थावाट संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९**

निधारित उमेर समुहका वर्गलाई कोभिड १९ विरुद्ध खोप लगाउने कायृक्रम संचालन भै रहेकोमा सो वर्गका सवैले खोप लगाउन नपाएको र केही कर्मचारी तथा जनप्रतिनिधीहरु यस अगाडीको खोप लगाउन छुटेको सन्दर्भमा खोप लगाउने व्यवस्थाका लागि स्वास्थ्य कार्यालय पाल्पा , DCCMC र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई विशेष अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिका राजश्व परामर्श समितिले पेश गरेको प्रारम्भिक आन्तरिक आयको खाका, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको प्रारम्भिक खाका तथा वजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको ०७८।०७९ को वजेट तथा कार्यक्रमको प्रारम्भीक खाका माथी छलफल गरियो । साथै कोभिडको यो विषम परिस्थितिमा स्वास्थ्य मापदण्ड पालना गरी वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शनको आधार मापदण्ड, सिद्धान्त र चरणहरु अवलम्वन गरी वडावाट यथाशिघ्र योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी यथाशक्य छिटो योजना तथा कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

चिरञ्जीवर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ११**

तानसेन नगरपालिका वडा नं. ९ डाडाडुम निवासी वर्ष ५९ का बुद्ध बहादुर वि.क. कोभिड १९ दोश्रो भेरियन्ट संक्रमणवाट मृत्यु भएको र निजको घरको आर्थिक अवस्था ज्यादै कमजोर भई उपचार खर्च तिर्न र मृतकको सव व्यवस्थापन गर्न समेत नसकेकोले लुम्विनी मेडिकल कलेज प्रभासलाई भुक्तानी गर्न वाँकी रु .७०,०००। देहाय वमोजिमका जनप्रतिनिधीहरुवाट प्राप्त वैठक भत्तावाट कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।

क)

| क.श | जन प्रतिनिधीको नाम | पद | वैठक संख्या | दर | कुल रकम | १५ प्रतिशत कर | खुद पाउने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | अशोक कुमार शाही | नगरप्रमुख | ५ | १००० | ५००० | ७५० | ४२५० |
| २ | लक्ष्मीदेवी पाठक | उपप्रमुख | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ३ | राम प्रसाद घिमिरे | वडा अध्यक्ष ८ | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ४ | हरिसुमर रेग्मी | वडा अध्यक्ष ९ | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ५ | विमला वौडेल | का.पा. स | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ६ | कुल वहादुर थापा नगरकोटी | वडा सदस्य | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ७ | देव वहादुर | वडा सदस्य | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ८ | नारायणी वौडेल | वडा सदस्य | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ९ | ढाका कुमारी पंज्ञानी | ,, | ५ | १००० | ५००० | ७५० | ४२५० |
| १० | विनिता लुईटेल | ,, | ५ | १००० | ५००० | ७५० | ४२५० |
| ११ | यम कुमारी वौडेल | ,, | ५ | १००० | ५००० | ७५० | ४२५० |
| १२ | २२औं का.पा. जनप्रतिनिधी | ,, | २२ | १००० | २२००० | ३३०० | १८७०० |

जम्मा रु. ६५४५०

ख) माथी उल्लेखित रकमवाट नपुग रु. ४५५०। तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

दैवि प्रकोपका कारणवाट तत्काल निर्माण तथा मर्मत सम्हार नगर्दा थप क्षेती हुनसक्ने भै निर्माण तथा मर्मत सम्भारका लागि प्राप्त भएका निवेदन र सिफारिसहरु छानविन गरी अति आवस्यक स्थानहरुमा रु .३ लाख सम्मका योजना तथा कार्यक्रमहरु मर्मत सम्भार कोषवाट भुक्तानी गर्ने गरी नियमानुसार प्रकृया अगाडी वढाउने निर्णय गरियो । **(तानसेन १४ अर्तुङ्गा फाँटमा जाने सिंचाई कुलो लागि रु . ३ लाख)**

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. ११ स्थित गार्गी मा.वि.को भवन निर्माण गर्दा भएको क्षतीको अनुगमन गर्न नगर उपप्रमुख श्री लक्ष्मीदेवी पाठक ज्युको संयोजकत्वमा वडा नं. ५,६ र ७ का वडा अध्यक्ष एवं पुर्वाधार शाखा प्रमुखको प्रतिवेदन पश्चात सोही प्रतिवेदनका आधारमा आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

शिवाधार पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. १४**

तानसेन नगरपालिकामा स्थापना भएको नारी साहित्य तथा साँस्कृतिक प्रतिष्ठान तानसेन पाल्पाले नारी स्रष्टाहरुको कृति प्रकाशन गरी साहित्य क्षेत्रमा पहिचान वनाएको र अक्षयकोष स्थापना गरी साहित्य क्षेत्रमा कार्य गर्ने जनशक्तिलाई थप सृजनशिल वनाउने कार्य गरेको हुँदा उक्त संस्थाले स्थापना गरेको अक्षयकोषमा रकम थप गर्न माग भएकोले तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको कला संस्कृति तथा सम्पदा संरक्षण कार्यक्रमवाट रु. ३०,०००। विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

तानसेन नगरपालिका द्धारा गठित संचार गृह सवलीकरण समितिको मिति २०७८।२। २४ गते वसेको वैठकको निर्णयवाट गत आ.व वरावर हुने गरी रकम वृद्धि गर्न निर्णय सहित पेश हुन आएको र तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको कार्य सम्पादनमा आधारित स्थानीय संचार गृहको संस्थागत विकास (संचार सवलीकरण) कार्यक्रमका लागि विनियोजन भएको रु. २,३२,१५५। ले मात्र रकम नपुग हुने भएकोले थप नपुग रकम रु . ३,६७,८४५। तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको मागमा आधारित शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

निजि तथा आवासिय विद्यालय अर्गनाईजेशन नेपाल (प्याब्सन) पाल्पाले मिति २०७८ जेष्ठ २५ गते देखि शिक्षक शिक्षिकाका लागि **शिक्षकसंग प्रविधि कार्यक्रम** आयोजना गर्ने भएको हुँदा उक्त कार्यक्रमवाट निजि विद्यालयका शिक्षक शिक्षिकाहरुलाई वैकल्पिक विधिवाट शिक्षण सिकाईमा प्रभावकारीता वढ्ने देखिदा उक्त कार्यक्रम संचालन गर्नका लीगि तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको मानव संशाधन योजना (कर्मचारी तर्फ) शिर्षकवाट रु. ६०,०००। प्रगति प्रतिवेदनका आधारमा भुत्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. १७**

मिति २०७५।१२।१० मा भएकमो सम्झौता अनुसार तानसेन नगरपालिका वडा नं. ५ ईखारी लक्ष्मी मा.वि दुदै दुधडेरी सम्मको सडक निर्माण कार्य गर्दा कडा ढुंगा परेको र ढुंगा माटो टाढा लगेर व्यवस्थापन गर्नुपर्ने भएकोले उक्त कार्य गर्दा ल.ई भन्दा रु.२ लाख वढी खर्च लागेको भनि उपभोत्ता समितिवाट पेश गरेको हुदा लागेको वढि खर्च भएको रु. २ लाख ता.न.पा.को नगर प्रवर्द्धनात्मक कार्यक्रमको मागमा आधारित शिर्षकवाट उक्त खर्च रु. २ लाख भुत्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. १८**

कोभिड १९ को दोश्रो लहरवाट तानसेन नगरपालिका क्षेत्र व्यापक प्रभावित भएको सन्दर्भमा कोभिड विशेष सहयोग कार्यक्रम अन्तर्गत स्वास्थ्य केन्द्र संचालनार्थ हेफर ईन्टरनेश्नल संस्थाद्धारा कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारका लागि रु. ४० लाख सहयोग प्राप्त भएकोले तानसेन नगरपालिकावाट उक्त संस्थालाई विशेष धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

पितामबर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner